नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

पत्र संख्याः-
च.नं.

## प्रेस विज्ञप्ति

# नेपाल सरकार र साउदी अरेबिया अधिराज्यबिच द्विपक्षीय हवाई सेवा सम्झौतामा अन्तिम हस्ताक्षर सम्पन्न

नेपाल सरकार र साउदी अरेबिया अधिराज्यका प्रतिनिधिमण्डलबिच द्विपक्षीय हवाई सेवा सम्झौता (Bilateral Air Services Agreement) सम्बन्धी वार्ता आज सफलतापूर्वक सम्पन्न भई सम्झौतामा अन्तिम हस्ताक्षर भएको छ। उक्त सम्झौतामा नेपाल सरकारका तर्फबाट संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका प्रतिनिधि तथा साउदी अरेबिया अधिराज्यका तर्फबाट सम्बन्धित निकायका प्रतिनिधिले हस्ताक्षर गर्नुभएको छ।

यस सम्झौताले, नेपाल र साउदी अरेबिया अधिराज्यबिच हवाई सम्पर्कमा विस्तार, यात्रु तथा मालवाहक हवाई सेवाको विकास, पर्यटन प्रवर्द्धन, व्यापार तथा लगानीका अवसरहरू अभिवृद्धि गर्न र दुई देशबिचको आर्थिक तथा जनस्तरीय सम्बन्धलाई थप मजबुत बनाउन महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ। साथै अन्तर्राष्ट्रिय नागरिक उड्डयन सम्बन्धी स्थापित सिद्धान्त र अभ्यासका आधारमा दुवै मुलुकका तोकिएका वायुसेवा प्रदायकहरूलाई नियमित हवाई सेवा सञ्चालनका लागि आवश्यक कानूनी तथा संस्थागत आधार प्राप्त हुने विश्वास गरिएको छ।

नेपाल सरकार र साउदी अरेबिया अधिराज्यबिचको मैत्रीपूर्ण तथा सौहार्दपूर्ण सम्बन्धलाई थप उचाइमा पुऱ्याउन यस सम्झौताले महत्वपूर्ण भूमिका निर्वाह गर्ने अपेक्षा गरिएको छ।

वि.सं. २०८३ भदौ, १५ गते
नेपाल संवत् ११४६ गुंलागा

जयनारायण आचार्य
सहसचिव एवम् प्रवक्ता